२०८३ असार ०८ गते सोमबार

## १३२ औं कार्यपालिका बैठकका निर्णयहरू :

**निर्णय नं १ :**

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार सडक बत्ती सामग्री खरिद कार्य (NCB No.: 12/PM/NCB/GOODS/082/83) को लागि एन.बि.सि. प्रज्ञा मल्टिप्रपोज कम्पनी प्रा.लि, तुलसीपुरसँग मिति २०८२/०७/११ गते सम्झौता भई मिति २०८२/०७/३० सम्म सम्पन्न गर्नुपर्ने म्याद रहेकोमा ,पटक-पटक म्याद थप गरी निज आपूतिकर्तासँग स्पष्टीकरण सोध्दा निज आपूर्तिकर्ताले मिति २०८२/११/२८ सम्ममा सामाग्री सहित कार्यालयमा उपस्थित हुने प्रतिबद्धता पेश गरेकोमा हालसम्म पनि तोकिए बमोजिमको सडक बत्ती सामग्री उपलब्ध नगराएको हुँदा, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) , दफा ६३ को उपदफा १(ग) को आधारमा एन.बि.सि. प्रज्ञा मल्टिप्रपोज कम्पनी प्रा.लि सँगको सम्झौता अन्त्य (ठेक्का रद्द) गरी, बैंक जमानत जफत गर्ने र निज फर्मलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) मा सिफारिस गर्न आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखा र यस पुतलीबजार नगरपालिका, स्याङ्जाबीच "बेलभारी अठासी गुरुत्व प्रवाह खानेपानी तथा सरसफाइ परियोजना" कार्यान्वयन गर्ने सन्दर्भमा सम्झौताको बुँदा नं. ५ बमोजिम कार्य सम्पन्न पश्चात भुक्तानी दिने भनिएकोमा, तहाँ संस्थाबाट पेश भएका प्राविधिक मूल्यांकन तथा सक्कल बिल भरपाई लगायतका सम्पूर्ण कागजातहरू चेकजाँच गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) बमोजिम रु. २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा सेवा खरिद गर्दा खुला बोलपत्र मार्फत गरिनु पर्नेमा त्यसको विपरीत रु. ४६,३८,०५४.५६ बराबरको सामान सोझै खरिद गरिएको र त्यसरी खरिद गरिएका सामानहरू समेत जिल्ला दररेट भन्दा अत्यधिक उच्च मूल्यमा खरिद गरिएको पाइएको र यस नगरपालिकाको प्राविधिक टोलीबाट गरिएको स्थलगत अनुगमनका क्रममा संस्थाले पेश गरेको मूल्यांकन अनुसार फिल्डमा वास्तविक कार्य नभएको पाइएको तथा सोही नियमावलीको नियम ९७ को उपनियम १ बमोजिम एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था भएकोमा सो नियमविपरीत रु. १,१०,५९,३७५.२३ लागत अनुमान भएको आयोजना उपभोक्ता समितिबाट गरेको पाईएको हुँदा नगर प्रमुखस्तरीय निर्णयबाट रद्द गरिएको सम्झौता अनुमोदनको लागि १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

संघ, प्रदेश र स्थानीय सरकारबाट गाउँपालिका तथा नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरुको आचार संहिता कार्यान्वयन ल्याएको र सरकारको १०० बुँदे कार्यक्रममा समेत निजामती सेवामा कार्यरत कर्मचारीहरुको आचार संहिता तयार गरी लागु गर्ने व्यवस्था गरेकाले यस नगरपालिका र अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई लागू हुने गरी प्रस्ताव गरिएको पुतलीबजार नगरपालिकाका कर्मचारी आचार संहिता, २०८३ स्वीकृतिका लागि १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

..............................
धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८३ असार ०८ गते सोमबार

**निर्णय नं. ४ :**

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक,२०८३ , विनियोजन विधेयक, २०८३ र बजेट तथा कार्यक्रमलाई कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस नगरपालिकाले नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) मा पेश गरेको SOCIAL IMPACT ASSESSMENT मा उल्लेख भए बमोजिम शिक्षाचोक बहाकोट काल्खु सडकखण्डको विस्तारका क्रममा वडा नंम्बर ३ र ८ मा सडक विस्तारका क्रममा स्थानीयबासीको नीजि स्वामित्वमा रहेको जग्गाको १०% भन्दा बढी कटान भएको पाइएकोले उक्त जग्गाको सडक स्तरोन्नति गर्दा सुरु गरेको आर्थीक वर्षमा मालपोत कार्यालय स्याङ्जाले तोकेको जग्गाको मूल्याङ्कनका आधारमा प्रक्रिया पूरा गरी मुआब्जा वितरण गर्ने व्यवस्था मिलाउन १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

पुतलीबजार नगरपालिका र मुक्तीनाथ सिड बैङ्क लि. बीच मिति २०८३/०१/०८ गते भएको सम्झौता अनुसार १४००५ के.जी. राम धान र २१४४ के. जी. सावित्री धानको गुणस्तरीय बीऊ नगरपालिकालाई उपलब्ध गराउने भनिएकोमा विभिन्न वडाका कृषकहरुलाई वितरण गरिएको १७ बोरा धान अर्थात ५९५ के.जी. धानको बीउमा खराबी देखिएको र बीउ प्रयोजनका लागि प्रयोग गर्न नसकिएको हुँदा सो बापतको रकम रु.३८,५५६/- (अठ्तिस हजार पाँच सय छपन्न रुपैंया) कट्टा गर्ने र धान नफलेको खण्डमा धरौटी बापतको रकम जफत गर्ने गरी बाँकी रकम रु. १०,०७,८९९.२/- (दस लाख सात हजार आठ सय उन्नसय रुपैंया दुई पैसा) भुक्तानीको निर्णय गर्न १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

सामुदायिक विद्यालयमा कार्यरत सहयोगी कर्मचारीको सम्बन्धमा संघ सरकारबाट भएको परिपत्र अनुसार विगतवर्ष देखि नै बन्द भएका वा मर्ज भई अन्य विद्यालयमा थप भएका सहयोगी कर्मचारीहरुको करार सेवा अवधि २०८३/०३/३० सम्ममात्र रहने भनी लेखी आएकोले त्यस्ता सहयोगी कर्मचारीहरुको करार सेवा २०८३/०३/३० रद्द गरी त्यसको जानकारी नगरपालिका पठाउन त्यस्ता कर्मचारी कार्यरत रहेका सामुदायिक विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

नगरपालिकाको १८ औं नगर सभाबाट स्वीकृत नगरपालिकाको खर्चको मापदण्ड, २०८२ मा संशोधन सहित स्वीकृतिका लागि आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

नगर कार्यपालिका र अन्तर्गतका निकायहरूमा कार्यरत सेवा करार कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकनका आधारमा आगामी साउन १ गतेदेखि लागू हुने गरी म्याद थप गर्न आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

२०८३ असार ०८ गते सोमबार

**निर्णय नं. १०:**

आर्थिक वर्ष २०८२/०८३ को पौष १ गते देखि २०८२/०८३ को असार ८ गतेसम्म प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर शिक्षा समिति तथा कार्यपालिका तथा नगरसभाबाट गठित विषयगत समितिहरु, पालिकास्तरीय अनुगमन समिति, न्यायिक समितिबाट भएका निर्णयहरु र योजना लगायत नगरपालिकाका सम्पूर्ण शाखाहरुबाट पेश भई भुक्तानी भएका सम्पूर्ण विषयहरु अनुमोदनका लागि आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठन भएको नगरपालिका र अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८३ स्वीकृत गरी आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १२ :**

आर्थिक वर्ष २०८२/८३ को कार्यपालिकाको विभिन्न मितिको निर्णयानुसार देहाय बमोजिमका बहुवर्षीय आयोजनाहरुलाई अनुमोदनका लागि आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स | आयोजनाको नाम | यस आ.व का लागि विनियोजित बजेट | | आगामी आ.वहरुमा विनियोजित गर्नुपर्ने बजेट | |
|---|---|---|---|---|---|
| | | रकम | श्रोत | रकम | श्रोत |
| १ | मालेबगर कभर्डहल, खेलमैदान, फोहोर मैला केन्द्र बधशाला संरक्षणका लागि नहर व्यवस्थापन | ६७००००० | संघीय सरकाबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | ९६५९४००.८१ | नगरपालिका |
| २ | आमडाँडा, वडा नं. १४ को वडा कार्यालय हुँदै सतौं मैदान सडक | ९०००००० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( समपुरक अनुदान ) | ६,१३,२०,६७६.९३ | नगरपालिका |
| ३ | ड्राइभरटोल, बैदी आमडाँडा वडा नं १४ को वडा कार्यालय हुँदै सतौ मैदान सडक | १३५००००० | नगरपालिका | | |
| ४ | सातुपसल स्वास्थ्य चौकी भवन निर्माण | ३९००००० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( शसर्त अनुदान ) | १४८८३५४.४१ | नगरपालिका |
| ५ | बहाकोट स्वास्थ्य चौकी भवन निर्माण | २०००००० | नगरपालिका | ३१,१६,११५.४ | नगरपालिका |
| ६ | ठुलाखेत रोकाहा कुल मन्दिर हुँदै नुहारभन्ज्याङ्ग मोटरबाटो स्तारोन्नती | १४१८००० | | ३५८२००० | नगरपालिका |
| ७ | रयाले गहते चण्डिस्थान मोटरबाटो स्तरोन्नती | १४००००० | | ३६००००० | नगरपालिका |
| ८ | लत्रेपिपल कुनाखेत हमालडाडाँ मोटरबाटो स्तरोन्नती | १४००००० | | ३६००००० | नगरपालिका |

धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

**निर्णय नं. १३ :**

पुतलीबजार नगरपालिका र अल्ट्रा इन्फोसिसबीच मिति २०८३-०२-०६ मा भएको सम्झौता अनुसार मिति २०८३-०३-१५ गते सम्ममा ३ वटा उपकरण आपूर्ति गर्नुपर्नेमा २ वटा उपकरण मात्र आपूर्ति भएको तथा Electric Butcher Saw को Specification बमोजिम 1200Watt को सट्टा 900Watt को आपूर्ति भएकोमा तत्काल प्रतिस्थापन गरी सम्झौता अनुसारको उपकरण उपलब्ध गराएको। साथै Captive Bolt Stunning Gun आन्तरिक बजारमा उपलब्ध नभएको तथा कानुनी जटिलताका कारण आयात गर्न असमर्थ रहेको भनी पत्र मार्फत जानकारी गराएको हुँदा उक्त उपकरण आपूर्तिका लागि सम्झौताको म्याद थपका लागि आपूर्तिकर्ताले समय माग गरेकाले उक्त सम्झौताको म्याद २०८३ असोज मसान्तसम्म थप गर्ने र हालसम्म आपूर्ति भई स्वीकृत भएका सामानको जम्मा मुल्य रकम रु १४,०६,८५०।- भएको र उक्त बिल बमोजिमको रकमबाट आपूर्ति नगरेको उपकरण Captive Bolt Stunning Gun को लागत अनुमान बमोजिमको रकम रु. १,४०,०००।- निजले कम्पनीले पेश गरेको रकमबाट कट्टा गरी बाँकी हुन आउने रकम रु.१२,६६,८५०।- मात्र भुक्तानी दिने र थप गरिएको म्याद भित्र सामान आपूर्ति गरेमा कट्टा गरिएको रकम, आपूर्ति गरेको सामानको मूल्य र धरौटी रकम नियमानुसार फिर्ता दिने अन्यथा धरौटी/बैंक जमानत जफत गर्न १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

पुतलीबजार नगरपालिका र मुक्तिनाथ लाइभस्टक बैंक, काठमाडौंबीच मिति २०८२-०७-२५मा भएको सम्झौता अनुसार मिति २०८३-०८-१५ सम्ममा ११३ पाठी र १४ बोका आपूर्ति गर्नुपर्नेमा सम्झौतामा तोकिएको समयभित्र आपूर्ति नगरेको हुदाँ १५ दिनको म्याद थप गर्दा पनि ७८ पाठी र १४ बोका मात्र आपूर्ति गरेको तर मिति २०८३-०२-१९गते भुक्तानी माग गरी विल पेश गरेकोले सार्वजनिक खरिद नियमावली अनुसार सम्झौता रकमको ०.०५ प्रतिशत क्षतिपूर्ति (Liquidated Damages) कट्टा गरी, धरौटी जफत गर्ने निजले सम्झौता अनुसार उपलब्ध नगराएको ३५ वटा पाठीको मूल्य बराबरको रकम रु. ३,८८,८८५ मध्ये नगरपालिकाले व्यहोर्ने रकम रु १,९४,४४३ निजले प्राप्त गर्ने रकम बाट कट्टा गरी आपूर्ति भएका ७८ पाठी र १४ बोकाको ढुवानी खर्च समावेश गरी सम्झौता अनुसार रकम मात्र भुक्तानी गर्न आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

कृषकहरूको सहभागिता, कार्यक्रमको प्रभावकारिता तथा वास्तविक आवश्यकता समेतलाई मध्यनजर गर्दै मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ८, नियम (ख) अन्तर्गत उपनियम (१) मा रहेको ६०% अनुदानलाई ७५% तथा उपनियम (२) र (३) मा रहेको ५०% र ४०% अनुदानलाई ५०% कायम गर्ने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६ :**

पुतलीबजार नगरपालिकाको प्राङ्गारिक तरकारी खेती कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८३ असार ०८ गते सोमबार

निर्णय नं. १७:

आर्थिक वर्ष ०८२/०८३ मा न्यायिक समितिबाट भएको कामकारवाहीको प्रतिवेदन आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १८:

यस पुतलीबजार नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि करको दर निर्धारण गर्दा नगरपालिकाको क्षेत्राधिकार भन्दा बाहिरको कुनै पनि कर नलगाएको हुँदा आफ्नो क्षेत्राधिकार बाहिर रहेर करारोपण नगरेकोले सोही बमोजिम निर्णय पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १९:

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को अन्तिम लेखा परीक्षणको प्रतिवेदन, २०८३ का सम्बन्धमा छलफलका लागि आगामी १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २०:

मालेबगरमा सञ्चालनमा रहेको बधस्थलको मासिक भाडा रु ३० हजार लिने गरी आगामी साउन १ गतेदेखि लागू हुने गरी २ वर्ष सम्मको लागि सम्झौताको म्याद थप गर्ने र सम्झौताको म्याद समाप्त भए पश्चात नगर सभाले तोकेका शर्तहरुका आधारमा हुने गरी आगामी १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

राजश्व परामर्श समितिको सिफारिश तथा नगर विकास समितिको निर्णय समेतका आधारमा विगत वर्षहरुदेखि सम्झौता गरी भाडामा लगाइएका नगर विकास समितिको स्वामित्वमा रहेका घर, सटर र पुतलीबजार नगरपालिकाको स्वामित्वमा रहेको कामिडाडा खाली जग्गा, कुमाल गाँउ अस्पताल चोकमा रहेको भवनका सटरहरु, सिटिहलको वेसमेन्टमा रहेका सटरहरु, मालपोत लाइनका सटरहरु, सिटिहलको मुख्य हल, सिटिहल बाहिरको खालि जग्गा पार्किङ्ग र सिटिहल बाहिरको कोठा, लगायत भाडामा लगाइएका सम्पत्तिहरुको मासिक भाडामा १० प्रतिशतका दरले वृद्धि गरी आगामी साउन १ गते देखि २ वर्षको लागि सम्झौता म्याद थप गर्ने र सम्झौताको म्याद समाप्त भए पश्चात नगर सभाले तोकेका शर्तहरुका आधारमा हुने गरी आगामी १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

राजश्व परामर्श समितिको सिफारिश तथा नगर विकास समितिको निर्णय समेतका आधारमा चालु आर्थिक वर्ष देखि सम्झौता गरी भाडामा लगाइएको मालेवगरमा रहेको कभर्डहलको बार्षिक भाडा रु १ लाख १० हजार कायम गरी आगामी साउन १ गते देखि २ वर्षको सम्झौता म्याद थप गर्ने र सम्झौताको म्याद समाप्त भए पश्चात नगर सभाले तोकेका शर्तहरुका आधारमा हुने गरी आगामी १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

............................
घनराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८३ असार ०८ गते सोमबार

निर्णय न.२३ :

प्रगतिनगर बहाकोट काल्खु सडक खण्डको चेनेज ०+००० देखि ८+९०० मा पर्ने सम्पूर्ण जग्गाधनिहरुको जग्गामा नयाँ काटिएको जमिनको विवरण एकिन र बाटोको लगतकट्टाको लागि परामर्श दाता ग्लोबल एरा इन्जिनियरिङ्ग कन्सल्टेन्सीले तयार गरी पेश गरेको कार्यसम्पन्न प्रतिवेदन मनासिव देखि कार्य सम्पन्न स्वीकृत गरेको र उक्त परामर्शदातालाई भुक्तानी दिने निर्णय सहित प्रगतिनगर बहाकोट काल्खु सडक खण्डको चेनेज ०+००० देखि ८+९०० भित्र पर्ने जग्गाहरुको लगतकट्टा गर्ने प्रक्रिया अगाडि बढाउन आवश्यक देखिएकोले, उक्त सडकको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण जग्गाधनीहरुको विवरण संलग्न राखी उक्त जग्गाहरु अन्य प्रयोजनका लागि हस्तान्तरण वा हकभोग नहुने गरी रोक्का राख्नका लागि भूमि प्रशासन कार्यालय सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. २४ :

यस पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक योजनाहरु मध्य तपशिलका योजनाहरु वर्षातका कारणले समयमा सम्पन्न हुन नसकेका हुँदा उक्त योजनाहरुको तपशिल बमोजिमको म्याद थप गर्ने गर्ने र उल्लेखित आयोजना सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट आगामी आर्थिक वर्षको वजेटमा समावेश गर्न आगामी १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपशिलः

| सि.नं | आयोजनाको नाम | ठेक्का नं | सम्झौता रकम | खर्च भएको रकम | अर्को आ ब मा बिनियोजन गर्नुपर्ने | म्याद भएको मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | Pawaikhola dekhi Sitaladevi Mandir Jane bato | 31/PM/NCB/WORKS/082/83 | २१२८८८१.५९ | १५३०७२२.३ | ५९८१५९.३३ | २०८३/०२/३१ | २०८३/०६/३१ |
| २ | Hudikhola Causeway Nirman | 33/PM/NCB/WORKS/082/83 | २१४०३४३.४४ | १८९७९३९.०२ | २४२४०४.४२ | २०८३/०३/१५ | २०८३/०६/३१ |
| ३ | Putalibazar Nagarpalika Bhitraka Sadakharu Nirman tatha Staronnati Karya (Package 3) | 05/PM/NCB/WORKS/082/83 | ५८११२५७.६७ | ४६३२७१०.४ | ११७८५४७.२७ | २०८३/०२/१५ | २०८३/०६/३१ |
| ४ | Hudikhola Masarka Sadak Staronnati | 34/PM/NCB/WORKS/082/83 | १,२३,५९,७३४.५२ | ० | १,२३,५९,७३४.५२ | २०८३/०३/१५ | २०८४/०१/३१ |

निर्णय नं २५:

पुतलीबजार नगरपालिकाको आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) (पहिलो संसोधन ) कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २६ :

विषयगत समितिहरूबाट प्रस्तुत प्रतिवेदन, नीति तथा कार्यक्रम र बजेट प्रस्ताव उपर छलफल हुँदा, आवश्यक परिमार्जन र संशोधन गरी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. २७ :

जिल्ला समन्वय समितिले यस पालिकाको अनुगमन गरी उपलब्ध गराएको अनुगमन प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा समावेश गरिएका सल्लाह सुझावलाई संस्थागत एंव आन्तरीकिकरण र कार्यान्वयन गर्ने निर्णय गरियो ।

..................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..................
तुलसीराम रेग्मी
नगर प्रमुख